# गण्डकी गाउँपालिका
# Gandaki Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive
भुम्लीचोक, गोरखा (Bhumlichok, Gorkha)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province,Nepal)


प.सं:(DispatchNo.) :०८२/८३
च नं.(Ref.No) :

मिति(Date) : २०८२/११/२६

गाउँ कार्यपालिकाको कार्यालय गण्डकी गाउँपालिका भुम्लिचोक गोरखा २०७४

आ.ब. २०८३/०८४ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र सो सम्बन्धी नियमावली, २०७५ को व्यवस्था बमोजिम साबिकमा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि स्वीकृत निबेदन ढाँचा अनुरुप बेरोजगार दर्ता तथा सूचीकरणको कार्य हुदै आएकोले, हाल साबिकको निर्देशिका खारेज भई **"राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२"** स्वीकृत भई कार्यान्वयनमा रहेको छ।

सोही सन्दर्भमा, उक्त निर्देशिकाको दफा १५ र १७ को प्रयोजनका लागि बेरोजगार दर्ताका लागि दिने निवेदनको विस्तृत ढाँचा स्वीकृत र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम बेरोजगार दर्ताका लागि तोकिएको फागुन महिनाको समयसीमालाई आसन्न निर्वाचनको विशेष परिस्थितिका कारण, संघीय सरकारको न्यूनतम रोजगारी कार्यक्रमका लागि मात्र लागू हुने गरी चैत्र १५ गतेसम्म यस गाउँपालिकामा समय थप गर्ने निर्णय भएको व्यहोरा अनुरोध छ ।

त्यसैले आ.ब. वर्ष २०८३/०८४ मा न्यूनतम रोजगारीमा संलग्न हुन सामाजिक संरक्षण आवश्यक भएका बिपन्न व्याक्ति वा न्यून आय भएका वा स्वरोजगारमा समेत संलग्न नरहेका १८-५९ वर्ष सम्मका बेरोजगार व्यक्तिहरुले २०८२ चैत्र १५ गते सम्म आवश्यक कागजात सहित स्थायी बसोवास रहेको वडा कार्यालयबाट फारम भरी दर्ता गराउन हुन जानकारी गरिन्छ । साथै अघिल्लो आ.ब.मा सुचिकृत भएका बेरोजगारहरुले समेत आगामी आ.ब. २०८३/०८४ का लागि सुचिकृत हुन तोकिएको निवेदन भरी फारम नविकरण गराउनुहुन अनुरोध छ ।

निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. पासपोर्ट साइजको फोटो १ प्रति
३. निवेदक अन्यत्रबाट बसाई सराई भई आएको हकमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपी

किरण बाबु कट्टेल
प्रशासकीय अधिकृत

नोट : *सूचिकृत मध्ये छनौट भएका बेरोजगारहरुलाई गाउँपालिकाबाट कार्यक्रमको निर्देशिका तथा कार्यविधिको अधिनमा रही न्यूनतम रोजगारीका क्षेत्रहरु जस्तै, भौतिक पूर्वाधार निर्माण तथा मर्मत संभार, स्वास्थ्य, शिक्षा, वातावरण संरक्षण, सिप तथा क्षमता विकास, स्थानीय तहमा गरिने बिभिन्न अभियान जस्ता क्रियाकलापमा संलग्न गर्न सकिनेछ ।*